**आकाशवाणी समाचार- नेपाली**

मितिः १४ नोभेम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- बिहारको सबै 243 विधानसभा क्षेत्रहरुका लागि मतगणनाको प्रक्रिया बिहान 8 बजे देखि शुरू हुनेछ।
- उपराष्ट्रपति सी. पी. राधाकृष्णनले आज नयाँ दिल्लीको विज्ञान भवनमा भारतीय दूरसंचार सेवाको हीरक जयंती समारोहमा भाग लिनुहुनेछ।
- पश्चिम बंगाल सहित आठ पूर्वोत्तर राज्यहरुका मादक पदार्थ निरोधक कार्यबलका प्रमुखहरुको पहिलो क्षेत्रीय सम्मेलन नागालैंड पुलिस परिसर चुमौकेदिमामा हिज देखि शुरु भएको छ।
- केन्द्रीय पर्यटन तथा संस्कृति मन्त्री गजेन्द्र सिंह शेखावतले आज गान्तोकमा पूर्वोत्तर क्षेत्रको लागि १३ औं अन्तर्राष्ट्रिय पर्यटन मार्टको उद्घाटन गर्नुहुनेछ।
- चेसमा, ग्रान्डमास्टर अर्जुन एरिगाइसी र पी. हरिकृष्णले फिडे विश्वकप २०२५ को प्रि-क्वार्टरफाइनलमा प्रवेश गरेका छन्।

**बिहार मतगणना**

बिहार विधानसभा चुनावको मतगणना आज बिहान 8 बजे देखि शुरू हुनेछ। बिहारको 38 जिल्लाहरुको 46 मतगणना केन्द्रहरुमा सबै 243 विधानसभा क्षेतरहरुको लागि मतगणनाको प्रक्रिया बिहान 8 बजे देखि शुरू हुनेछ। मतगणना शुरू भएको दुई घण्टा पछि नतिजा आउने संभावना छ। राज्यको 243 विधानसभा सीटहरुका लागि दुई चरणहरुमा गत 6 अनि 11 नवंबरमा मतदान भएको थियो। यस चुनावमा बिहारमा 1951 पछि अहिलेसम्मको सबै भन्दा अधिक 67.13 प्रतिशत मतदान भएको छ। इलेक्ट्रॉनिक वोटिंग मशीनहरु (ईवीएम) मा सबै 2 हजार 616 उम्मीदवारहरुको चुनावी भाग्य सील गरिएको छ जसलाई स्ट्रांग रूममा कडा सुरक्षामा राखिएको छ। बिहार विधानसभा चुनाव 2025 मा कुल 258 महिला उम्मीदवारहरुको चुनावी भाग्यको पनि फैसला हुनेछ। आकाशवाणी समाचारसित हुराकनिमा बिहारका मुख्य निर्वाचन अधिकारी विनोद सिंह गुंजियालले भन्नुभयो कि मतदानमा प्रयोग गरिएको ईवीएम अनि वीवीपैटलाई तीन स्तरीय सुरक्षा प्रणाली अन्तर्गत स्ट्रांग रूम भित्र सील गरिएको छ अनि सबै मतगणना केन्द्रहरुमा सुरक्षाको व्यापक प्रबन्ध गरिएको छ।

**उपराष्ट्रपति-आईपीएस**

उपराष्ट्रपति सी. पी. राधाकृष्णनले आज नयाँ दिल्लीको विज्ञान भवनमा भारतीय दूरसंचार सेवाको हीरक जयंती समारोहमा भाग लिनुहुनेछ। भारतीय दूरसंचार सेवाको 60 वर्ष पुरा भएको उपलक्ष्यमा आयोजित यो समारोहले दूरसंचार क्षेत्रको विकासमा विभागको योगदानलाई दर्शाउदछ। वर्ष 1965 मा भारतीय दूरसंचार सेवाको गठन भएको थियो। यसको उद्देश्य दूरसंचारसित संबंधित क्षेत्रहरुमा सरकारको तकनीकी अनि प्रबंधकीय आवश्यकताहरु पुरा गर्नु हो।

**विशाखापत्तनम-उद्योग सम्मेलन**

उपराष्ट्रपति सी. पी. राधाकृष्णनले आज विशाखापत्तनममा भारतीय उद्योग परिसंघको 30 औ साझेदारी सम्मेलनको उद्घाटन गर्नुहुनेछ। सम्मेलनमा वैश्विक व्यापार साझेदारी अनि देशको आर्थिक वृद्धिलाई गति दिने उपायहरु माथि विचार-विमर्श

हुनेछ। दुई दिने यस सम्मेलनको आयोजन भारतीय उद्योग परिसंघले उद्योग संवर्द्धनविभाग अनि आंतरिक व्यापार तथा आंध्रप्रदेश सरकार सित मिलेर गरेको हो। एक रिपोर्ट :-

**उपराष्ट्रपति - रोटरी तेजस**

उपराष्ट्रपति सी. पी. राधाकृष्णनले आज नयाँ दिल्ली स्थित यशोभूमिमा समाजसेवी संगठन रोटरी क्लबको **रोटरी तेजस - विंग्स ऑफ चेंज** कार्यक्रमको उद्घाटन गर्नुहुनेछ। रोटरी, 14 लाख भन्दा अधिक पेशेवर अनि सामुदायिक कार्यकर्ताहरुको वैश्विक नेटवर्क हो, जसले मानवीय चुनौतिहरुसित जुझ्नमा योगदान दिंदछ। भारतमा रोटरीको 6,700 भन्दा अधिक क्लबहरुमा 2 लाख 10 हज़ार भन्दा अधिक सदस्यहरु छन् जो सेवा योजनाहरुमा सक्रिय रूपले जोडिएका छन्।

**कलकत्ता उच्च न्यायालय-सीमा बार**

कलकत्ता उच्च न्यायालयले भारत-बंगलादेश सीमामा बार लगाउने मुद्दा माथि पश्चिम बंगाल सरकारसित हलफ़नामा मांगेको छ। न्यायालयमा दर्ता गरिएको जनहित याचिकामा बंगलादेश सीमाको खुल्ला क्षेत्रहरुमा काडेतारको बार लगाउने मांग गरेको छ। पश्चिम बंगालमा देशको लगभग दुई हजार दुई सय सोलह किलोमीटरको सीमा बंगलादेश सित रहेको छ। यस क्षेत्रका बिभिन्न स्थानहरुमा बार नभएकोले घुसपैठ अनि तस्करीको घटनाहरु हुने गर्दछ।

**वंदे मातरम्**

समग्र देश राष्ट्रगीत वंदेमातरम्को 150 औ वर्षको उत्सव गर्व अनि स्वाभिमान साथ मनाईरहेको छ। वंदेमातरम्ले स्वतंत्रता सेनानिहरुलाई आंदोलित गरेको थियो अनि पुरा लाई एकजुट गरेको थियो। यसले आज हामीलाई फेरि स्मरण गराई रहेको छ कि वंदेमातरम् केवल एक गीत नभएर बल्कि राष्ट्रको अदम्य शाश्वत भावनाको प्रतीक हो। यस ऐतिहासिक रचना प्रति भावांजलि स्वरूप वर्ष भरि चल्ने समारोहहरु बारे हाम्रो संवाददाताको यो रिपोर्ट :-

BYTE

**सैन्य विरासत उत्सव**

तेस्रो **भारतीय सैन्य विरासत उत्सव** आज देखि नयाँ दिल्लीमा शुरू भैरहेको छ। रक्षा राज्यमंत्री संजय सेठले दुई दिने यस आयोजनको उद्घाटन गर्नुहुनेछ। यस अवधि देशको सैन्य इतिहास अनि विरासत बाहेक राष्ट्रीय सुरक्षा अनि भू राजनीति सित सम्बन्धित मुद्दाहरु माथि विचार-विमर्श हुनेछ। यो उत्सव तिनै सेनाहरु , प्रशासकहरु तथा राजनयिकहरु , शिक्षाविदहरु अनि विचारकहरु बीच गहन संवाद अनि सहभागिताको प्रभावी मंच हो।

**सिक्किम अन्तर्राष्ट्रिय पर्यटन मार्ट**

केन्द्रीय पर्यटन तथा संस्कृति मन्त्री गजेन्द्र सिंह शेखावतले आज गान्तोकमा पूर्वोत्तर क्षेत्रको लागि १३ औं अन्तर्राष्ट्रिय पर्यटन मार्टको उद्घाटन गर्नुहुनेछ। सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङ, अरुणाचल प्रदेशका मुख्यमन्त्री पेमा खान्डु र पूर्वोत्तर राज्यका पर्यटन मन्त्रीहरू पनि कार्यक्रममा उपस्थित हुनु हुनेछन्। यो पर्यटन मन्त्रालयको वार्षिक प्रमुख कार्यक्रम हो, जसको उद्देश्य उत्तरपूर्वी क्षेत्रको पर्यटन सम्भावनालाई घरेलु र अन्तर्राष्ट्रिय दर्शकहरूलाई प्रदर्शन गर्नु हो। एक रिपोर्ट...

**गोयल-नेपाल बैठक**

वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले हिजो नयाँ दिल्लीमा नेपालका वाणिज्य तथा उद्योग मन्त्री अनिल कुमार सिन्हासँग भेट गर्नुभएको थियो। बैठकको परिणामस्वरूप भारत र नेपालबीचको पारवहन सन्धि निर्देशिका संशोधन गर्ने आशयपत्रको आदानप्रदान भएको थियो। मन्त्रालयले भनेको छ कि यसले जोगबनी-विराटनगर रेल लिंक मार्फत प्रत्यक्ष रेल सम्पर्क स्थापित गर्नेछ।

**दिल्ली व्यापार मेला**

४४ औं अन्तर्राष्ट्रिय व्यापार मेला आज नयाँ दिल्लीको भारत मण्डपममा सुरु हुँदैछ। वाणिज्य तथा उद्योग राज्यमन्त्री जितिन

प्रसादले मेलाको उद्घाटन  गर्नुहुनेछ। पहिलो पाँच दिन व्यापारिक उद्देश्यका लागि हुनेछ, १९ तारिख मेला सर्वसाधारणका लागि खुल्नेछ। यस वर्षको विषयवस्तु "एक भारत श्रेष्ठ भारत" हो।

**चेस - FIDE विश्वकप**

चेसमा, ग्रान्डमास्टर अर्जुन एरिगाइसी र पी. हरिकृष्णले फिडे विश्वकप २०२५ को प्रि-क्वार्टरफाइनलमा प्रवेश गरेका छन्। अर्जुन एरिगाइसीले हंगेरीको पिटर लेकोलाई र पी. हरिकृष्णले स्वीडेनका निल्स ग्रान्डेलियसलाई गोवाको पणजीस्थित रियो रिसोर्टमा पराजित गरे।भारतका आर. प्रज्ञाननन्धा रुसका ड्यानिल डुबोभसँग पराजित भएपछि विश्वकपबाट बाहिरिएका छन्।

****** ० ******